जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३९ पृष्ठः ४ | २०८२ जेठ १३ गते मंगलबार (Tuesday 27 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## बजेटमा कमला पुललाई समेट्न सिरहावासीको माग



**सुदिप राउत**

सिरहा, १२ जेठ। मधेशको 'लाइफ लाइन' मानिने हुलाकी सडक अन्तर्गत १४ वर्षदेखि निर्माणाधीन सिरहा र धनुषा जोड्ने कमला पुललाई आगामी बजेटमा समेट्न सिरहावासीले माग गरेका छन्। समयमै पक्की पुल सम्पन्न गर्न आफूहरूले पटक-पटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गरेको उनीहरूले गुनासोसमेत गरेका छन्।

सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले आगामी जेठ १५ गते संघीय संसद्मा प्रस्तुत हुने आर्थिक वर्ष २०८२/८३ को बजेटमा कमला पुललाई समेटी स्रोतको सुनिश्चित नगरेमा जनकपुर स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि पुनः अनशन बस्न बाध्य हुने चेतावनी दिए।

गतवर्ष अनशन बसेका सिरहाका युवासँग भएको सहमति पनि मधेश-प्रदेश सरकारलेसमेत कार्यन्वयन नगरेको उनको भनाइ छ। "गत वर्षनै मधेश-प्रदेश सरकारले कमला पुल यथाशीघ्र सम्पन्न गर्न केन्द्रीय सरकारसँग ठोस् पहल गर्ने सहमति भएको थियो। तर, त्यो पालना भएन। केन्द्र सरकारबाट निरन्तर उच्चस्तरिय निरीक्षण हुने तर पुल नबन्ने शृंखला दोहोरिरह्यो", वडाध्यक्ष यादवले भने, "अब आश्वासनको होइन, काम देखाउने बेला आएको छ। सरकारले कमला पुलको विषयलाई गम्भीरतापूर्वक लिएन भने पुनः अनशनमा बस्न बाध्य हुनेछौं।" मधेशको जीवनरेखासँग प्रत्यक्ष गाँसिएको विषयलाई संघीय सरकारले बेवास्ता गरिरहेको उनले आरोप लगाए।

पुल निर्माण संघर्ष समिति गठन गरी विगतदेखि स्थानीयवासी चरणबद्ध आन्दोलन गर्दै आएका छन्। स्थायी पुल नहुँदा सिरहा र धनुषाका सीमावर्ती बस्तीका हजारौं नागरिकलाई दैनिक आवात जावतमा सास्ती भोग्दै आउनुपरेको संघर्ष समितिका संयोजक इन्जीनीयर प्रवीण यादव बताए। उनले भने, "कमला नदीले बर्सेनि यहाँका बासिन्दालाई सास्ती दिँदै आएको छ। अस्थायी काठको पुल

-बाँकी अन्तिम पेजमा

## सिराहा नगरपालिकामा अख्तियारको छापा




सिरहा, १२ जेठ। सिराहा नगरपालिकामा अख्तियारको टोलीले छापा मारेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दीबास कार्यालयको टोलीले नगरपालिकामा छापा हानेको हो। टोलीले राजस्व संकलन, पोखरी ठेक्का, लेखा परीक्षण प्रतिवेदन लगायतका कागजात नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ। अख्तियारका दुई अनुसन्धान अधिकृतको टोलीले कागजात नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ। टोलीले नगरपालिका कार्यालयबाट केही योजनाका कागजातहरूसमेत नियन्त्रणमा लिएको छ। केही योजनाहरूको स्थलगत निरीक्षण पनि गरेको अख्तियारको बर्दीबास कार्यालयले जनाएको छ। अख्तियारका सूचना अधिकारीको अनुसार नगरपालिका विरुद्ध उजुरी परेपछि आवश्यक अनुसन्धानका लागि अख्तियारको टोली नगरपालिका पुगेको हो।

## सप्तरीमा नवजात शिशु मृत फेला

सप्तरी, १२ जेठ। सप्तरीमा सोमबार एक नवजात शिशु मृत अवस्थामा भेटिएको छ। जिल्लाको कञ्चनरुप नगरपालिका वडा नम्बर २ स्थित महादेवपट्टीमा नवजात छोरी शिशु मृत अवस्थामा भेटिएको हो। बाटो छेउको खेतमा कपडाले बेरेर फालिएको अवस्थामा शिशुको शव भेटिएको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिनुभयो। शिशुको शव २-३ दिनअघि नै फालिएको हुनसक्ने प्रहरीको भनाई छ। भेटिएको शवलाई पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज पठाइएको नायव उपरीक्षक काफ्लेले बताए।

## शहिद हेमनारायण गोल्डकप खेल्ने टोलीहरुको टुंगो लाग्यो

सिरहा, १२ जेठ। सलहेश युवा क्लब, सिरहाको आयोजनामा यही जेठ १९ गतेदेखि शुरु हुने शहिद हेमनारायण गोल्डकप राष्ट्रिय नकआउट फुटबल प्रतियोगितामा सहभागिता जनाउने टोलीहरुको टुंगो लागेको छ। सिरहा क्याम्पसको खेलमैदानमा हुने प्रतियोगितामा कुल आठ टोलीहरले सहभागिता जनाउने छन्। जसमा चत्यासा पुस्तकालय (भापा), चितलाङ्ग फुटबल क्लब (काठमाडौं), बागमती युवा क्लब (सर्लाही), गोलबजार स्पोर्टस क्लब ( गोलबजार), गोल्डेन स्टार युथ क्लब (भलुवा, सुनसरी), गाईघाट फुटबल क्लब (उदयपुर), बिरगंज युनाइटेड (पर्सा) र आयोजक सलहेश युवा क्लब रहेका छन्।




सिरहा नगरपालिकाको विशेष

-बाँकी तीन पेजमा





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

### नसर्ने रोगबाट बच्ने उपाय।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# अराजक अभिव्यक्तिले उत्तेजना फैलाउँछ

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले नेपाल कम्युनिस्ट पार्टी (एमाले) का कार्यकर्तालाई यही जेठ १५ गते काठमाडौं 'नियन्त्रण'मा लिन आह्वान गरेका छन्। प्रधानमन्त्री ओली एमालेका अध्यक्ष पनि हुन्। जननिर्वाचित संविधान सभाले नेपाललाई गणतन्त्र घोषणा गरेको दिनको स्मरण गर्दै नेपालमा जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ। यही दिन पारेर गणतन्त्र विरोधीहरूले आन्दोलन सुरु गर्ने घोषणा गरेका छन्। तत्कालीन राजा ज्ञानेन्द्र शाहका समर्थकहरूको आन्दोलनलाई लक्षित गरेर प्रधानमन्त्री ओलीले 'आतंक मच्चाउने'हरूलाई स्थान नदिन काठमाडौं नियन्त्रणमा लिन भनेका हुन्। स्मरणीय छ, शाहका समर्थकहरूको प्रदर्शनमा गत चैत १५ गते काठमाडौंमा 'ताण्डव' मच्चिएको थियो।

काठमाडौं वा देशको कुनै पनि भागमा कसैले 'आतङ्क मच्चाउन' खोजे त्यसलाई नियन्त्रण गर्ने प्रमुख दायित्व देशको कार्यकारी प्रमुखका रूपमा प्रधानमन्त्रीको हुन्छ। त्यसका लागि प्रधानमन्त्रीले मन्त्रिपरिषद्लगायत राज्यका संयन्त्रहरू परिचालन गर्नुपर्छ। शाह समर्थकहरूको आन्दोलनका क्रममा चैत १५ गतेको 'तीनकुने ताण्डव' दोहोरिने हो कि भने राज्य सजग हुनु अस्वाभाविक पनि होइन। यस्तो अवस्थामा जनसाधारणलाई सुरक्षा व्यवस्थाप्रति आश्वस्त तुलाउने प्रयत्न गर्नु प्रधानमन्त्रीको कर्तव्य पनि हो। परन्तु, कानुन व्यवस्था कायम राख्न सरकारले सुरक्षा संयन्त्रको उचित परिचालन गर्नुको साटो प्रधानमन्त्रीले आफ्ना पार्टीका कार्यकर्तालाई उक्साउनु भने उचित होइन। 'छद्म अभीष्ट' भए बेग्लै नत्र यसरी कार्यकर्ता उक्साउँदा मुठभेडको जोखिम झन् बढ्छ भन्ने हेक्का उनलाई पनि हुनुपर्ने हो।

यसो त प्रधानमन्त्री ओलीका बोलीहरू प्रायः विवादास्पद नै हुने गरेका छन्। उनी आफ्ना प्रतिस्पर्धी र विपक्षीहरूप्रति अपेक्षाकृत अशोभनीय शब्दहरू प्रयोग गर्न हिचकिचाउँदैनन्। विगतमा विपक्षीहरूमाथि 'अरिङ्गाल' बनेर जाइलाग्न उनले कार्यकर्तालाई दिएको निर्देशन पनि निकै विवादास्पद बनेको थियो। काठमाडौं 'नियन्त्रण'मा लिन एमाले कार्यकर्तालाई प्रधानमन्त्री ओलीद्वारा गरिएको आह्वान गैरजिम्मेवार, उत्तेजक र अराजक देखिएको छ। लोकतान्त्रिक शासन प्रणाली भएको देशको कार्यकारी प्रमुखका लागि यस्तो अभिव्यक्ति पक्कै पनि शोभनीय हुँदैन।

ज्ञानेन्द्र शाह समर्थकहरूको 'आन्दोलन' हिंसात्मक हुनसक्छ भन्ने सूचना भए कुनै पार्टीका कार्यकर्ता परिचालन गर्ने होइन सरकारले सहरमा पर्याप्त सुरक्षाकर्मी तैनाथ गर्नुपर्छ। आवश्यक भए राज्यले निषेधाज्ञासमेत जारी गर्न सक्ने अधिकार कानुनले नै दिएको छ। देशको कार्यकारी प्रमुखले नै यसरी उत्तेजक र अराजक अभिव्यक्ति लिएपछि सुरक्षाकर्मीलाई पनि संयमपूर्वक कानुन व्यवस्था कायम राख्न पक्कै कठिन हुन्छ। यसैले प्रधानमन्त्रीको पदमा रहँदासम्म खड्गप्रसाद शर्मा ओलीले पनि पदको गरिमाअनुरूप संयमित र शालीन हुन सिक्नु र सक्नु उचित हुनेछ।

# 'सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्नेगरी छलफल अघि बढाएको छु'

धर्बेन्द्र झा


जनकपुर, १२ जेठ। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्नेगरी छलफल अघि बढाएको बताएको छ। पत्रकार र सञ्चार क्षेत्रको हितका लागि विभिन्न विषयवस्तुहरु समावेश गरिएको ध्यानाकर्षण पत्र बुझाउन सोमबार मुख्यमन्त्रीको सरकारी निवास मधेश भवन पुगेका नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा नेतृत्वको पत्रकारको टोलीलाई सम्बोधन गर्ने क्रममा उनले ध्यानाकर्षणपत्रमा उल्लेख भएका धेरैजसो विषयवस्तुलाई अगामी नीति तथा कार्यक्रममा समेटन लागेको बताए।

उनले नेपाल पत्रकार महासंघ मधेश प्रदेशको भवन निर्माणका लागि चालु आर्थिक वर्षमा पनि बजेट विनियोजन भएको उल्लेख गर्दै भवन निर्माणका लागि आवश्यक जग्गाको अभावमा यस वर्ष सो बजेट सञ्चालन हुन नसकेको बताए। उनले पत्रकार महासंघ मधेश प्रदेशको भवन निर्माणका लागि आवश्यक जग्गाको टुङ्गो लाग्नेवित्तिकै प्रदेश सरकारले त्यसका लागि बजेटको व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने, "बजेट ल्याउनुभन्दा अघि जग्गाको टुङ्गो लगाउनुस्। हामी बजेट व्यवस्थापन गर्छौं। उनले प्रदेश सरकारसँग सीमित स्रोतसाधन रहेको भन्दै अटाउन सकिने विषयहरुलाई अगामी आर्थिक वर्षको वजेटमा समावेश गर्ने प्रतिबद्धता व्यक्त गरे।

ध्यानाकर्षणपत्रमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा भाडाको घर लिएर सञ्चालन हुँदैआएको नेपाल पत्रकार महासंघ मधेश प्रदेशको कार्यालयको आर्थिक अभावका कारण

–बाँकी दुई पेजमा

# न्यायपालिकाको संरचनागत फेरबदल !



सतिस दाहाल

सर्वोच्च अदालतमा चलिरहेको आफ्नो मुद्दामा तारेख लिन ६५ वर्षीय शालिकराम अहिर बर्दियाको बाँसगढीदेखि काठमाडौँसम्म साइकलमा आए। ०८१ माघ ५ गतेका लागि तोकिएको पेसीमा हाजिर हुन उनी ११ दिन लगाएर माघ ४ गते नै काठमाडौँ आएका थिए। यस समाचारले सामाजिक सञ्जालमा चर्चा पायो। यस घटनालाई दुई कोणबाट व्याख्या गर्न सकिन्छ। पहिलो, यसले आम मानिसको अदालतप्रति रहेको अगाध सम्मान र विश्वास दर्शाएको छ, किनकि न्यायपालिकामा विश्वास हुँदैनथ्यो भने त्यो यात्रा गर्ने साहस आउँदैनथ्यो होला। दोस्रो, यसले नेपालको संविधान र ऐन–कानुनले परिकल्पना गरेको अदालतको संरचनामा परिवर्तनको आवश्यकतालाई औँल्याएको छ। यसले न्यायपालिकाको संरचनामाथि गम्भीर प्रश्न उठाएको छ।

हाम्रो संविधानको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको छ र यसको धारा १२७ ले नेपालमा सर्वोच्च अदालत, उच्चअदालत र जिल्ला अदालत गरी तीन तहका अदालत रहनेछन् भनी न्यायपालिकाको तहगत संरचनाको व्यवस्था गरेको छ। नेपालको संविधानले संघीयतालाई संस्थागत गर्दै कार्यपालिकासँग सम्बन्धित अधिकार तथा व्यवस्थापकीय अधिकार संघीय सरकार मातहत मात्र नराखी प्रदेश तथा स्थानीय तहमा विभक्त गरेको छ, न्यायपालिकाको हकमा भने संघीय संरचनाको स्पष्ट अवलम्बन नगरी न्यायिक संरचनालाई सर्वोच्च अदालत मातहत राखिएको छ।

**न्यायिक समितिबारे आवश्यक छलफल**

राज्य संरचनालाई जनताको घरदैलोमा पुऱ्याउने, घरघर सिंहदरबार पुऱ्याउने भन्ने नीति अन्तर्गत संघीयता संस्थागत भए पनि न्यायपालिका घरदैलोमा पुग्ने संरचना भने संविधानले स्थापना गरेको छैन। सीमित अधिकार बोकेको न्यायिक समिति हरेक स्थानीय तहमा उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा रहने भनी संविधानले व्यवस्था गरेको छ। यस न्यायिक समितिलाई केही सामान्य प्रकृतिका विवादमा मिलापत्र गराई मुद्दाको टुङ्गो लगाउने तथा केही मुद्दामा फैसला गरी मुद्दाको टुङ्गो लगाउने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको छ। विवादको निरूपण गर्न पाउने मुद्दामा मूलतः सामान्य प्रकृतिका घरायसी विवाद तथा सम्पत्ति सम्बन्धी विवाद रहेका छन्। मिलापत्र गर्न पाउने विषयका विवादमा भने लुटपिट, गाली–बेइज्जती, अनधिकृत प्रवेशदेखि व्यक्तिवादी भई दायर हुने देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद समेतलाई न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गत राखिएको छ।

आम मानिसका सामान्य विवादका मुद्दा न्यायिक समितिले हेर्न सक्छ तर गम्भीर प्रकृतिका मुद्दा हेर्न सक्दैन। जस्तो : यसले घर बहालसम्बन्धी कुनै विवादमा फैसला गर्न सक्छ, तर सो भाडा बहाल उठाउन वा फैसला कार्यान्वयन गर्ने कार्यका लागि भने यसलाई अधिकार सम्पन्न बनाइएको छैन। यसको सीमित अधिकार क्षेत्र र यसको प्रकृतिका कारण न्यायपालिका जनताको घर–दैलौमा पुगेको छ भनी अर्थ लगाउन मिल्दैन।

**कार्यान्वयन हुन नसकेको स्थानीय अदालत**

संविधानले स्थापना गरेको न्यायिक संरचना संघीय स्वरूपको नभए पनि केही संवैधानिक प्रावधानले विरोधाभासपूर्ण भिन्न व्यवस्था गरेको पाइन्छ। हाम्रो संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकारको सूची व्यवस्था गरेको छ। उक्त सूचीको क्र.स. १२ मा स्थानीय अदालतको परिकल्पना गरिएको छ। हालसम्म कुनै पनि स्थानीय तहले स्थानीय अदालतसम्बन्धी कानुन निर्माण गर्ने तथा अदालत स्थापना गर्ने कार्य गरेको छैन। स्थानीय अदालतको व्यवस्था गर्न तथा संविधानको धारा १२७ (२) ले व्यवस्था गरेको स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसारका निकाय गठन गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन (मुद्दा नं ०८१–डब्लुओ–००४८) दायर भई हाल विचाराधीन रहेको अवस्था छ। साथै कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ ले न्यायपालिकाको पुनर्संरचनाको माग राख्दै काठमाडौँ घोषणापत्र जारी गरेको छ। जसको बुँदा १३ मा 'स्थानीय तहमा रहेका न्यायिक समितिलाई मेलमिलाप गर्ने भूमिकामा सीमित गर्नेन्न संविधानको अनुसूची ८ मा उल्लेख भएको व्यवस्था अनुसार स्थानीय अदालत गठन गरी मेलमिलापबाट समाधान हुन नसकेका मुद्दाहरू न्यायिक समितिले स्थानीय अदालतमा पठाउनेन्न हरेक स्थानीय तहमा आवश्यकता अनुसार स्थानीय तहको अदालत स्थापना गरी स्थानीय अदालतसम्बन्धी व्यवस्था गर्ने र स्थानीय अदालतका न्यायाधीशको नियुक्ति, कार्य क्षेत्र र सेवाको सर्त तर्जुमा गर्ने कानुन निर्माणसम्बन्धी अधिकार प्रदेश सरकारलाई दिने' लगायत विषय उल्लेख छन्।

स्थानीय अदालतको स्थापनाका लागि एकातर्फ कानुनी लडाइँ चलिरहेको र अर्कोतर्फ नेपाल बार एसोसिएसन लगायत निकायले समेत जोडदार माग गरिरहेको परिस्थिति छ। यसले नेपालको न्यायिक संरचनामा फेरबदल हुनुपर्ने र संरचना थप परिष्कृत हुनुपर्ने औँल्याइरहेको छ। स्थानीय अदालतको स्थापनाले सानातिना विवादको समाधानलाई सहजीकरण गर्ने र यसले जिल्ला तथा उच्च अदालत धाउनुपर्ने बाध्यताको अन्त्य भई समग्र न्यायपालिकाको भार कम हुने भन्ने विश्लेषण संविधान निर्माणको समयमा भएको थियो। यद्यपि उक्त व्यवस्थाको अवमूल्यनका कारण संविधानले परिकल्पना गरेको उद्देश्यको पूर्ति हुन सकेको छैन। स्थानीय अदातलको स्थापना गरी न्यायपालिकालाई नयाँ ट्र्याक दिनु आज अपरिहार्य भइसकेको छ।

**विशिष्टीकृत अदालत, बेन्च तथा न्यायाधिकरण**

न्याय सम्पादन गर्ने न्यायिक निकाय सक्षम हुनुपर्छ। सक्षम न्यायपालिकाले मात्र प्रभावकारी न्यायसम्पादन गर्न सक्छ। न्यायसम्पादनको प्रक्रिया भनेको फैसला गर्ने मात्र नभई न्याय गरेको देखिने अवस्थाको सिर्जना गर्नु हो। न्याय प्रणालीमा जनताको पहुँचको प्रभावकारी सुनिश्चितता र विवाद निरुपणका विषयमा दख्खल राख्ने विशिष्टीकृत अदालतहरूको स्थापनाले समग्रमा न्यायपालिकाप्रति जनताको विश्वास बढाउँछ र गुणस्तरीय न्याय सम्पादन हुने परिस्थितिको सिर्जना गर्छ। हाम्रो संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न विशिष्टीकृत अदालत वा न्यायाधिकरणहरूको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको उक्त व्यवस्थाका आधारमा थुप्रै ऐनहरूमा विशिष्टीकृत अदालतहरूको स्थापना गर्ने प्रावधान राखिएको छ। ती अदालत कुनै गठन भइसकेका छन्न कुनै गठन हुन बाँकी छन् भने सूचना प्रविधि न्यायाधिकरणजस्ता कुनैको गठन र संरचना दुवै विवादमा छन्। समग्रमा विशिष्टीकृत अदालतहरू जुन उद्देश्यका स्थापित छन्, तिनको उद्देश्यपूर्ण रूपमा पालना हुन सकेको छैन। विशिष्टीकृत अदालतहरूले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने विवादमा गरेका फैसला अन्तिम हुने भनी कानुनी व्यवस्था भए पनि सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग भई विशिष्टीकृत अदालतहरूको फैसला पुनर्विचार हुने प्रचलन रही आएको छ। यसले गर्दा विशिष्टीकृत अदालतले न्याय पार्न सहयोग गर्ने तथा प्रभावकारी न्याय–सम्पादन हुने भन्ने विश्वासमा तुषारापात हुन पुगेको छ।

न्यायपालिकाको विकृति, विसङ्गतिसम्बन्धी पूर्वप्रधान न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनले समेत न्यायपालिकाको संरचनागत सुधारको आवश्यकतालाई स्वीकार गरेको छ। कार्कीको प्रतिवेदनमा विशिष्टीकृत अदालत प्रभावकारी नदेखिएको हुँदा संरचनागत सुधार गरी व्यावसायिक निकायको रूपमा समयसापेक्ष विकास गर्नुपर्ने सुझाव दिएको छ। विशिष्टीकृत अदालत तथा बेन्चहरूले आफ्नो विषयगत विज्ञतासँग सम्बन्धित विवादमा न्याय पार्ने गरी विवाद समाधान गर्न सक्छ भनी काठमाडौँ जिल्ला अदालतमा महिलावादी हुने पारिवारिक विवादको निरूपणका लागि पारिवारिक इजलास गठन गरी न्यायसम्पादन प्रक्रिया सुरु गरिएको केही समय भएको छ। पारिवारिक इजलासको गठनले सार्वजनिक वृत्तमा उब्जाएको महत्त्वपूर्ण बहस भने विशिष्टीकृत बेन्चहरूको न्यायसम्पादनको गुणस्तरको मात्र नभई यी बेन्चहरूले मुद्दाको प्रक्रिया र न्यायसम्पादनका गतिमा पार्न सक्ने प्रभावको विषयमा हो ।

महिलावादी हुने अंश लगायत मुद्दा पारिवारिक इजलासले महत्त्वका साथ हेरे पनि त्यसको प्रक्रिया पूरा गर्ने, मुद्दामा तारेख तोक्ने, आदेश कार्यान्वयन गर्ने लगायतको कार्यमा भने नियमित अदालतको कर्मचारी नै रहने व्यवस्था पारिवारिक फाँटबाट हुने हुँदा भिन्न इजलास गठनले मात्र न्यायको पहुँचमा सकारात्मक प्रभाव पार्न तथा न्यायसम्पादनको गतिमा तीव्रता दिन सकेको छैन। पारिवारिक इजलासको सहयोगार्थ बनाइएको पारिवारिक फाँटको कार्यबोझ धेरै हुँदा यो इजलासमा चल्ने मुद्दाको प्रक्रिया तथा फैसलापश्चात् फैसला लेखनको कार्य छिटोछरितो भने छैन।

न्यायपालिकाको एक महत्त्वपूर्ण विशेषता भनेको यसको न्यायिक आत्मसंयमता नै हो, तर अंश लगायत पारिवारिक विषयका सम्बन्धमा बनेका कानुनहरूको व्याख्यामा हरेकपटक संयमता अपनाउँदा कतिपय अवस्थामा कानुनको उद्देश्य पूर्ति नहुन सक्छ। कुनै निश्चित अवस्थामा अंश दिने, निश्चित सम्पत्ति मात्र भाग लाग्ने भन्ने विषयलाई आज 'रिस्ट्रेन्ड' तरिकाले व्याख्या गर्नु हुँदैन। यसको विधिशास्त्रीय विकास क्रमलाई नयाँ ट्र्याक दिन र विवादका विषयवस्तुलाई विवादको प्रकृति अनुरूप सापेक्ष व्याख्या गर्नका निमित्त नियमित अदालतको वैचारिक धरातलभन्दा भिन्न धरातलीय यथार्थमा टेकेको न्यायिक संरचना आवश्यक हुन्छ। आज भारतमा फरक–फरक उच्च अदालतहरूले अंश तथा सम्पत्तिसम्बन्धी मुद्दाकै सम्बन्धमा फरक–फरक किसिमको फैसला गरिरहँदा विशिष्टीकृत फ्यामिली कोर्ट बनाई फैसलाहरूमा सामञ्जस्यता कायम गर्ने, पारिवारिक कानुनको विधिशास्त्रको एकत्रित विकास गर्नुपर्ने भन्ने बहस सतहमा रहेको छ। त्यसैले अंश मुद्दाका विषयवस्तुसँग सम्बन्धित मुद्दा हेर्न नयाँ फ्यामिली कोर्ट बढी प्रभावकारी हुन्छ कि भन्ने बहसको आवश्यकता नेपालमा पनि भइसकेको छ। पारिवारिक विवादका लागि छुट्टै अदालत हुने संरचना किँरातकालमै रहेको इतिहास बोकेको नेपाली माटोलाई यो बहस असान्दर्भिक र अपाच्य पनि हुँदैन।

**अब हुनुपर्ने बहस**

न्यायपालिका आवश्यकता अनुसार परिमार्जन हुँदै जान्छन्न नयाँ प्रविधिको विकासन्न प्रवृत्ति र कानुनको फेरबदल अनुसार परिष्कृत हुँदै पनि जान्छ। भौगोलिक रूपमा टाढा रहेका कारण न्यायको पहुँच कमजोर हुने परिस्थितिलाई सहज गर्नका लागि ल्याइएको अनलाइन तारेख लिनेजस्ता कानुनी

–बाँकी दुई पेजमा

### न्यायपालिकाको...

प्रावधानका कारण न्यायमा पहुँच केही थप सहज भएको छ। न्यायपालिकाको पुनर्संरचना गर्ने, केन्द्रीय राजधानी काठमाडौँमा संवैधानिक इजलास मात्र राखी सर्वोच्च अदालतका नयाँ मुकाम प्रदेशमा तोक्ने, विशिष्टीकृत अदालतहरूलाई प्रभावकारी बनाउने, जनताका घरदैलोमा स्थानीय अदालतहरू स्थापना गर्नेदेखि संघीय संरचनामा न्यायपालिकालाई लैजाने बहस जारी रहिरहनुपर्ने तथा अझ थप बुलन्द हुनुपर्ने देखिन्छ। न्यायपालिकाको अनुभूति आम जनताले गर्न पाउनका लागि यी बहसको निराकरण पनि आवश्यक छ ।

### शहिद हेमनारायण ...

सहयोग र सिरहा जिल्ला फुटबल संघको प्राविधिक सहयोग रहने प्रतियोगिताको खेलतालिका र पुरस्कार राशी बारे विस्तृत रुपमा आधिकारिक पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराईने आयोजकले जनाएको छ।

### ‘सञ्चार क्षेत्रलाई ...

समुचित व्यवस्थापनमा कठिनाइ भइरहेको र दैनिक कार्य सञ्चालन तथा गतिविधिहरु सञ्चालन गर्न चुनौतीपूर्ण भइरहेको उल्लेख छ।

प्रदेशको विभिन्न जिल्लाबाट मधेशको राजधानी जनकपुरधाम आउने पत्रकारलाई आवास तथा कार्यसम्पादनमा असहजता रहेको भन्दै यस्ता समस्या समाधान गर्न महासंघको स्थायी भवन निर्माणको योजना अघि बढेको र गुठी संस्थानसँग आवश्यक जग्गा लिजमा प्राप्तिको अन्तिम चरणमा रहेकाले भवन निर्माणका लागि आवश्यक बजेट विनियोज गर्न माग गरिएको छ।

# उत्पादनका साधनमा पहुँच पुऱ्याए गरिबी निवारण हुन्छ, “सिक्नका लागि अर्नमा जाऔं ”





सिरहा, १२ जेठ। सधै मालिकको खेतमा काम गर्ने र उत्पादन भएको अन्नपात मालिककै भकारीमा थन्क्याउने फूलोदेवी सदाको जीवनको दशा र दिशा फेरिएको छ। अहिले उनी आफ्नैलागि नङ्ग्रा खियाउँदै छिन्। खेतमा बाली लगाएकी छिन्। उत्पादन हुने फसल पनि आफ्नै घरमा लैजान्छिन्। फूलोदेवी भन्छिन् ,“वर्षैभरी रोजगारी पाइदैन। रोजगारी पाएको दिनको पनि अति न्युन ज्याला पाइन्छ। अति कम कमाइले चुल्हो बाल्न पनि धौ धौ पर्छ। ” तर अब फूलोदेवीको आशा पलाएको छ। उनी भन्छिन्, “रोजगारी पाएको दिन काम पनि गर्छौं, नपाएको दिन यो खेतबारीमा काम गर्छौं। आफैले फलाएको अन्न र तरकारीको आम्दानीबाट ३ महिना टार्ने बेसाहा ल्याउँछौं। जीवन जीउन अलि सजिलो हुन्छ। कैयन रात भोकै सुत्नु पर्ने अनिकालबाट जोगिन्छौं। ”

अर्नमा गाउँपालिका ३ का ४५ वर्षीय दलित सुकुम्वासी अशोक कुमार सदा पनि आफ्नै खेतीमा व्यस्त भेटिन्छन्। फलेको अन्नबाली सधै मालिकको खलोमा पुऱ्याउने अशोकले अबदेखि आफ्नै आँगनमा खलो बनाएका छन्। उनले फलाएको अन्न र तरकारीको आम्दानी उनकै गोजीमा रहन्छ। अनिकाल लाग्ला र बालबच्चा भोको रहला भन्ने सुर्ताबाट उनी मुक्त भएका छन्। फूलो र अशोक सदा प्रतिनिधि पात्र मात्र हुन्। उनी जस्ता १४१ दलित गरिब परिवारले खेती लगाएका छन्। उनीहरुले काउली, बन्दा काउली, करेला, भिण्डी, झिङनी, प्रवल, प्याज, लहसुन, बैगन जस्ता नानाथरी तरकारी रोपेका छन्। कसैले दलहन अरहर तेलहन तोरी फलाएका छन्। कसैले गहुँबाला लहलह झुलाएका छन्।

इन्टरनेशनल नेपाल फेलोशिपको सहयोगमा सहयोगी हातहरुको समूह (साहास) नेपाल एक गैर सरकारी संस्थाले अर्नमा गाउँपालिका (सिरहा) मा आशा परियोजना सञ्चालन गरेको छ। यस परियोजना अन्तर्गत २१० कट्ठा जमिन ५ वर्षका लागि भाडामा लिइएको छ। भाडामा लिइएको जमिन १४१ दलित गरिब परिवारलाई प्रति परिवारलाई १/१ कट्ठाको दरले खेती लगाउन दिइएको छ। स्थानीय जमिन्दारले खेती गर्न नसकी बाँझो राखेको जमिन भाडामा लिइएको हो। उक्त जमिनमा ३ थान बोरिङ्ग जडान गरिएको छ। सोलार प्यानलको निशुल्क विद्युतबाट सिचाई हुने प्रवन्ध गरिएको छ। गरिब भूमिहीन किसानलाई उन्नत बीउ, मल,खाद उपलब्ध गराइउको छ। खेती सम्बन्धी कृषि प्राविधिकहरुको सल्लाह सुझाव उपलब्ध गराइएको छ।

साहास नेपालले सञ्चालन गरेको जग्गा भाडामा लिएर गरिब दलित परिवारलाई खेती गर्न दिने परियोजनाले अर्नमा गाउँपालिकामा १४१ दलित गरिब परिवारको जीवनस्तर उकास्दै छ। उनीहरुलाई चरम र अत्यासलाग्दो गरिबीबाट माथि उठ्न सघाउँदै छ। भोकभोकै सुत्नु पर्ने अनिकालबाट मुक्ति दिलाउँदै छ। दलित अगुवा रामपरीक्षण मोचीको कविताको एक पंक्तिले मन छुन्छ। “जमिन जौतदा जोत्दा लाल बनाए तर लालपुर्जा पाएनौं” यो एक पंक्ति नेपालका ५० लाख दलित समुदायको क्रन्दन हो। उत्पादनका साधनहरुमाथिको स्वामित्व नभएरै उनीहरु तन्नम गरिब भएका हुन्। कृषि कर्ममा सिद्धहस्त यी वर्गहरुले जहिले पनि मालिक र जमिन्दारका लागि काम गरे। अन्न फलाए तर उत्पादित अन्न मालिकको भकारीमा गयो। कृषि मजदुरका रुपमा काम गर्ने मुसहर जस्ता वर्ग सधै अनिकाल र कुपोषणको सामना गर्दै बाँच्न बाध्य छन्।

वामपन्थी नेता दामोदर अधिकारी भन्छन् , भोक लाग्दा खान नपाउनु र रोग लाग्दा उपचार नपाउनु बर्बर जंगली राज्यको परिचायक हो। सामाजिक न्यायको ग्यारेण्टीको रुपमा भोक विरुद्धको अधिकार सुनिश्चित गरिनु पर्छ। खद्य सुरक्षाको ग्यारेण्टी गरिनु पर्छ। यो राज्यको न्युनतम दायित्व हो। पेटको आगो अशान्तिको कारक हो। पेटभरी खान पाउने अधिकारको प्रचलनले शान्ति कायम गर्छ। समाजलाई एक अर्का प्रति सहिष्णु बनाउँछ।

भूमिविहीन सुकुम्बासीहरु नै नेपालमा मुख्य खेतीपाती गर्ने वर्ग हुन्। उनीहरु हलो जोत्ने र माटोलाई उब्जाउ बनाउने वर्ग हुन्। तर जमिनको स्वामित्वबाट बञ्चित छन्। असंगठित कृषि मजदुरको रुपमा काम गर्ने यी दलित गरिब वर्गको चरम शोषण भइरहेको छ। कम ज्यालामा काम गर्नु पर्ने बाध्यता छ। दिवंगत मुसरह नेता सुभक लाल सदा भन्थे, “मेचीदेखि महाकालीसम्म मुसहर नभई खेती हुँदैन तर मुसहरकै घरबास छैन – मुसहरकै घरमा एक गेडो अन्न छैन। ”

नेपालको संविधान २०७२ ले मौलिक अधिकार खण्डमा धारा ४० को उपधारामा ५ मा दलित वर्गलाई एक पटक जग्गा उपलब्ध गराउने भन्ने उल्लेख छ। गरिब दलित वर्गको उत्थान र गरिबी निवारणका लागि उत्पादनका साधन जग्गा उपलब्ध गराउनु एक युगान्तकारी क्रान्तिकारी र सामाजिक न्यायको प्रत्याभूति गर्ने कदम हो। पाका वामपन्थी नेता रामजी यादव भन्छन्, “बेरोजगारलाई सीप, पूजी र औजार दिएर काममा लगाउनु नै अहिलेको आवश्यकता हो। बिहानै काममा जान पाइयोस् र दिनभरी कमाएको पैसाले साँझ चुल्हो बलोस्। यो ठूलो काम हो। समाजवादतिरको पहिलो पाइला हो। ” विकास र गरिबी निवारणमा काम गर्ने सरोकारवालाहरु साहास नेपालले अर्नमा गाउँपालिकामा सञ्चालन गरेको परियोजनाबाट सिक्न जाउन।






# मधुमेहका बिरामीको खुट्टामा किन घाउ हुन्छ ?

**डा. विनय भट्टराई**
मधुमेह, हार्मोन तथा थाइराइड रोग विशेषज्ञ

मधुमेहको समस्यामा शरीरले रगतमा ग्लुकोजको मात्रा सही राख्न सक्दैन। रगतमा चिनीको मात्रा बढ्दा समयसँगै धेरै स्वास्थ्य समस्या निम्तिन सक्छ। मधुमेह छ भने उसको रगतमा चिनीको मात्रा उच्च हुन्छ। यस्तो अवस्थामा बिरामीको रक्तनली र नसामा क्षति पुग्छ। यसले प्रभावित व्यक्तिको खुट्टालाई पनि असर गर्न सक्छ। बिरामीहरूको खुट्टामा घाउ बन्न थाल्छ। यस्ता घाउहरू यस्तो तरिकाले बन्छन् कि तिनलाई निको पार्न निकै कठिन हुन्छ। यसलाई डायबेटिक फुटको नामले चिनिन्छ। मधुमेहले बिरामीको स्नायु प्रणालीमा पनि असर पुऱ्याउँछ जसले गर्दा खुट्टामा घाउचोट लागि हालेपनि बिरामीले खुट्टामा कुनै चोटपटक वा घाउको महसुस गर्न सक्दैन। यदि समस्या बढ्दै गयो भने यसले अल्सर वा संक्रमण पनि निम्त्याउन सक्छ। यति मात्र होइन, यदि समस्या बढ्यो भने प्रभावित खुट्टा काट्नु पर्ने समेत हुन्छ, ताकि संक्रमण शरीरको अन्य भागमा नफैलियोस्।

**मधुमेहका बिरामीहरूको खुट्टामा घाउ किन हुन्छ ?**

यो समस्या तब हुन्छ जब कसैको मधुमेह नियन्त्रण बाहिर जान्छ। मधुमेहमा स्नायुहरू क्षतिग्रस्त हुन थाल्छन्। यसलाई डायबेटिक न्युरोप्याथी भनिन्छ। स्नायुहरू क्षतिग्रस्त हुँदा खुट्टा लाटो हुन्छ। जसले गर्दा चोट वा दुखाइको अनुभव बिरामीलाई थाहा हुँदैन। उदाहरणका लागि, यदि बिरामीको खुट्टामा केही बिझ्यो वा चोट लाग्यो भने, बिरामीलाई थाहै हुँदैन। जब चोटमा ध्यान दिइँदैन, यो बिस्तारै ठूलो घाउमा परिणत हुन्छ।

मधुमेहले रक्तनलीहरूलाई पनि हानि पुऱ्याउँछ। रक्तनलीहरूमा प्लाक बन्न थाल्छ, जसले रक्त प्रवाहमा अवरोध उत्पन्न गर्छ। जब खुट्टासम्म पर्याप्त रगत पुग्दैन,

**–बाँकी अन्तिम पेजमा**

# मधेश प्रदेशमा ३२० किलोमिटर कालोपत्रे सडक निर्माणको तयारी

**विजयकुमार साह**



ढल्केबर, १२ जेठ। मधेश प्रदेश सरकारले ३२० किलोमिटर कालोपत्रे सडक निर्माणको तयारी थालेको छ। "एक निर्वाचन क्षेत्र, एक कालोपत्रे सडक" योजानाअन्तर्गत प्रदेशका ६४ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा पाँच-पाँच किलोमिटरका दरले सडक निर्माणको तयारी थालिएको हो। प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवले "एक निर्वाचन क्षेत्र, एक कालोपत्रे सडक" योजनाको दोस्रो चरणअन्तर्गत कालोपत्रे सडक निर्माण गर्न लागिएको जानकारी दिए। उनका अनुसार पहिलो चरणमा पनि यही योजनाअन्तर्गत प्रदेशभर ३२० किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ।

मन्त्री यादवले नयाँ सडक निर्माणका लागि आवश्यक सबै प्रशासनिक प्रक्रिया पूरा भइसकेको बताए। ३२० किलोमिटर कालोपत्रे सडक निर्माणका १३ अर्ब ५० करोड रुपियाँ विनियोजना गरिएको छ। आउँदो जेठ १८ गते एकैसाथ ६४ स्थानमा सडक शिलान्यास गरिने तयारी भइरहेको उनले जानकारी गराए। उनका अनुसार शिलान्यास मिति लगभल तय भए पनि शिलान्यास कसबाट गराउने विषयमा भन्ने टुङ्गो लागेको छैन। प्रधानमन्त्री केपी शर्मा ओली वा अन्य विशिष्टबाट शिलान्यास गराउने भन्ने विषयमा छलफल जारी छ। यस योजनाबाट मधेश प्रदेशको भौतिक पूर्वाधारमा ठुलो परिवर्तन आउने उनको भनाइ छ।

"ग्रामीण क्षेत्रलाई शहरी क्षेत्रसँग जोड्ने, कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने र आपतकालीन सेवाहरू सहज रुपमा पुग्ने वातावरण बनाउने सरकारको योजना छ। सडक सञ्जालले व्यापार, पर्यटन र स्थानीय उद्योगधन्दामा समेत सकारात्मक प्रभाव पार्ने विश्वास छ", उनले थपे। सडक पूर्वाधार सुदृढीकरणमार्फत रोजगारी सिर्जना, आर्थिक गति र जनजीवनमा प्रत्यक्ष सुधार ल्याउने बताउँदै मन्त्री यादवले सडक निर्माणको गुणस्तरमा कुनै सम्झौता नहुने बताए।

यसैगरी, मधेश सहिद लोकमार्ग निर्माणको पनि सम्भाव्यता अध्ययनपछि बजेट व्यवस्थापन प्रक्रियामा अघि बढाइएको छ। मधेश सहिद लोकमार्ग पर्सादेखि सप्तरीसम्म तीन सय १० किलोमिटर लामो बन्नेछ। पूर्वपश्चिम र हुलाकी राजमार्गको मध्य भागबाट सो राजमार्ग बनाउने सरकारको अवधारणा रहेको मन्त्री यादवको भनाइ छ। यी दुबै राजमार्गको बिचमा करिब ३० किलो मिटरको दूरी छ। मधेश सहिद मार्ग दुई लेनको हुनेछ भने सडकलाई स्तरन्नोति गरिने छ। राजमार्ग निर्माणका लागि चालू आर्थिक वर्षभित्रै टेन्डर गर्ने लक्ष्य राखिएको मन्त्री यादवले बताउनुभयो।

## बजेटमा कमला...

पनि वर्षामा आएको नदीको भेलले बगाएर लैजान्छ। जसले गर्दा यहाँका नागरिकको आवतजावत नै बन्द हुने समस्या छ। यो समस्यालाई गम्भीरतापूर्वक लिन र बजेट सुनिश्चित गर्न सरकारसँग म जोडदार माग गर्दछु।"

पुल अलपत्र परेपछि गत वर्ष २०८१ को भदौ महिनामा सिरहाका १० जना युवा अभियान्ता नयाँ पुल निर्माण प्रक्रिया थाल्न माग गर्दै जनकपुरस्थित मुख्यमन्त्री कार्यालय अगाडि हप्तादिनसम्म आमरण अनशनमा बसेका थिए। नयाँ कमला पुलको निर्माण गर्ने र त्यसका लागि संघीय सरकारसमक्ष पहल गर्ने र नभए सम्पूर्ण बजेट मध-प्रदेश सरकारको स्रोतबाट ब्यहोर्नेलगायत चार बुँदे सहमतिकासाथ अनशन तोडिएको थियो। "उक्त सहमति कुनैपनि पालना नभएकाले अब पुनः अर्को आन्दोनमा उत्रिनुपर्ने अवस्था देखिँदै छ। पूर्व प्रतिबद्धता अनुसार यसपाली बजेटमा कमला पुल निर्माणको सुनिश्चितता हुनुपर्छ। नभए हामी सशक्त आन्दोलनमा उत्रिन्छौँ," गतवर्ष अनशन बस्नुभएका अभियन्ता शैलेस यादवले भने।

यसबीचमा गृहमन्त्री रमेश लेखकले गत शुक्रबार कमला पुलको स्थलगत निरीक्षण गरेको थियो। सो क्रममा उनले पुल निर्माणमा राज्यको कमजोरी भएको स्वीकार गर्दै अहिलेको सरकार यसप्रति गम्भीर रहेको बताउँदै पुल पुनःनिर्माण यथाशीघ्र गराउन आफूले पहल गर्ने बताएको थियो। यता पुल निर्माण कम्पनी 'लुम्बिनी विल्डर्स'ले गत चैत महिनादेखि पुल पुनःनिर्माणको काम रोकेपछि ठेक्का सम्झौता तोड्ने तयारी थालिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ। निर्देशनालयका अनुसार आगामी असार मसान्तसम्म भासिएको पुलको पुनःनिर्माण सम्मन्न गरिसक्ने गरी अन्तिम पटकलाई ठेक्का सम्झौता भएको थियो।

यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो। पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमाबापतको रकम दाबी गरेको थियो। हालसम्म उक्त विवाद निरूपण भइनसकेको निर्माण पक्षले जनाएको छ। विसं २०६८ जेठ ३१ गते तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो। तर, पटक-पटक म्याद थपेर १४ वर्ष गुज्रिदा पनि पुल निर्माणको काम अधुरै छ। 'पप्पु कन्ट्रक्सन'ले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल १० वर्षसम्म अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम 'लुम्बिनी बिल्डर्स'ले गर्दै आएको थियो।

यसैबीचमा अन्तिम पटकका लागि २०८२ असारसम्मको थपिएको म्याद पनि त्यत्तिकै गुज्रिएको छ। पुल नबन्दा सिरहा र सप्तरीका मानिसलाई प्रदेश राजधानी जनकपुर आउँजाउ गर्न भारतीय बजार जयनगर वा रू एक सय तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ। त्यस्तै, आधा घण्टाको बाटोलाई मिर्चैया, ढल्केवर हुँदै करिब तीन घण्टा लामो घुमाउरो यात्रा गर्नुपर्ने हुन्छ। तराई-मधेसको 'लाइफ लाइन'का रूपमा हेरिएको हुलाकी सडक मधेस-प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो।


## डिभिजन वन कार्यालय सिरहा लहानको अनुरोध

- वन डढेलो रोकथाम गरौं वन, जन र धनको क्षति रोकौं
- वन क्षेत्रभित्र ज्वलनशील पदार्थ जस्तैः सलाई, लाइटर र आगो प्रयोग नगरौं
- वन जंगल हामी सबैको साझा सम्पति हो, यसको संरक्षण गरौं
- वन जंगलभित्र कुनै किसिमको संरचना तथा जथाभावी बाटोघाटो निर्माण नगरौं
- निजी जग्गामा वक्षारोपण गरी उल्लेखनीय लाभ प्राप्त गरौं
- वन अपराध हुन लागेको थाहा पाएमा नजिकको प्रहरी कार्यालयमा तथा वन कार्यालयमा खबर गरौं।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सिरहा**
**लहान**


# जसपा नेपालका सांसद सरोज सिंहको घरमा अख्तियारको छापा, स्वकीय सचिव पक्राउ

जनकपुर, १२ जेठ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश सांसद सरोजसिंह कुशवाहाको घरमा छापा मारेको छ। महोत्तरी क्षेत्र नम्बर-४ (ख) बाट निर्वाचित सांसद कुशवाहाको घरमा छापामारी गर्ने क्रममा उनका स्वकीय सचिव विनोदकुमारलाल कायस्थलाई पनि अख्तियारले नियन्त्रणमा लिएको छ। उनको घरबाट विभिन्न योजनाका कागजातहरू समेत नियन्त्रणमा लिएको अख्तियार स्रोतले जनाएको छ। उनका स्वकीय सचिव पक्राउ परे पनि प्रदेश सांसद कुशवाहा भने सम्पर्कविहीन रहेको अख्तियार स्रोतको भनाइ छ।

मधेश प्रदेश सरकारबाट प्रदेश सांसद कुशवाहाको भागमा परेको योजनाहरू बिक्री गरेको भने गोप्य सूचनाको आधारमा अख्तियारबाट खटेका टोलीले घरमा छापामारेको जनाएको छ। कुशवाहा महोत्तरी क्षेत्र नम्बर ४ (ख) बाट दोस्रो पटक निर्वाचित सांसद हुन्। उनी मधेश प्रदेश सरकारका पूर्वआन्तरिक मामिला तथा कानुन राज्यमन्त्री समेत हुन्।

## मधुमेहका बिरामीको...

तब कोशिकाहरूलाई अक्सिजन र पोषक तत्त्वहरू प्राप्त हुँदैनन्, जसले गर्दा सानो चोट पनि घाउको रूप लिन्छ। खराब रक्त सञ्चारले घाउ निको हुने प्रक्रियालाई ढिलो गर्छ, जसले डायबेटिक फुटको जोखिम बढाउँछ। जब मधुमेह बढेको हुन्छ, शरीरमा ग्लुकोजका केही यस्ता उत्पादनहरू बन्छन्, जसले खुट्टा सुन्निने समस्यालाई बढाउँछ।

**यो समस्याबाट बच्न ध्यान दिनुपर्ने कुरा**

रगतमा चिनीको मात्रा नियन्त्रण गर्नु अत्यन्त जरुरी छ किनभने रगतमा चिनीको मात्रा नियन्त्रण गरेर मात्र मधुमेहका कारण खुट्टामा हुने समस्याबाट बच्न सकिन्छ वा त्यसलाई ठिक गर्न सहयोग पुग्छ। साथै, चिकित्सकले दिएका सबै सल्लाहको पालना गर्नु र नियमित रूपमा रगतमा चिनीको मात्रा जाँच गर्नु आवश्यक हुन्छ। त्यसै गरी, समय-समयमा खुट्टाको निरीक्षण पनि गरिरहनुपर्छ।

नियमित रूपमा आफ्नो खुट्टामा कुनै कट, फोका, घाउ वा अन्य असामान्यताहरू जाँच गरिरहनु पर्छ। यी समस्याहरू चाँडै पत्ता लगाउनाले उपचारमा धेरै सहयोग पुग्छ र यी गम्भीर सङ्क्रमणको रूप लिनुभन्दा पहिले उपचार गर्न सकिन्छ। यस्ता जुत्ताहरू छनोट गर्नुहोस्, जुन पूर्ण रूपमा फिट होस् र खुट्टालाई सही सहारा प्रदान गरोस्। जुत्ताको कारण खुट्टा नकस्सियोस् र नबाङ्गियोस् भन्ने कुरामा ध्यान दिनुपर्छ। चोटको जोखिम कम गर्न नाङ्गो खुट्टा हिँड्नबाट बच्नुपर्छ र घरभित्र पनि चप्पल वा जुत्ता प्रयोग गर्नुपर्छ।





**अर्नमा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)